## १ परिचय

देशमा शान्ति सुव्यवस्था र अमन चयन कायम राख्न प्रत्यक्षरुपमा जनस्तरसम्म प्रहरी सेवा प्रदान गर्न जुनियर प्रहरी अधिकृतहरुको महत्वपुर्ण भुमिका रहन्छ । प्रहरी हवल्दार पदबाट प्रहरी सहायक निरीक्षक दर्जामा बढुवा भएका जुनियर प्रहरी अधिकृतहरुलाई कार्यक्षेत्रमा निभाउनु पर्ने पदीय उत्तरदायित्वलाई परिवर्तित परिस्थिति अनुरुप सही तरीकाले निर्वाह गर्न आवश्यक पर्ने व्यवसायिक ज्ञान, सीप र कौशल प्रदान गरी शारीरिक एवं मानसिक रुपमा सक्षम बनाउन, समसामयिक विषय बस्तुहरुलाई समेट्ने गरी बैज्ञानिक तथा व्यवस्थित तालीमको आवश्यकता पर्दछ । यसै तथ्यलाई मध्यनजर राखी प्रहरी सेवामा बढुवा प्रकृयाद्वारा पदोन्नती भएका प्रहरी सहायक निरीक्षकहरुलाई अपेक्षित जिम्मेवारीहरु शारीरिक एवं मानसिक रुपले वहन गर्न सक्षम तुल्याउन प्रहरी सहायक निरीक्षक आधारभूत (अल्पकालीन) तालीम संचालन गरिएको हो ।

## २ तालीमको उद्देश्य

प्रहरी हवल्दार पदबाट प्रहरी सहायक निरीक्षक दर्जामा बढुवा भएका जुनियर प्रहरी अधिकृतहरुलाई कार्यक्षेत्रमा निर्वाह गर्नुपर्ने पदीय उत्तरदायित्वलाई परिवर्तित परिस्थिति अनुरुप सही तरीकाले सम्पादन गर्न आवश्यक पर्ने व्यवसायिक ज्ञान, सीप र कौशल प्रदान गरी शारीरिक एवं मानसिक रुपमा सक्षम बनाउनु यस तालीमको मुलभूत उद्देश्य रहेको छ ।

## ३ प्रशिक्षण बिषय बस्तु एवं अंक बिभाजन

उपरोक्त उद्देश्य परिपूर्तिका लागि हालको परिस्थिती र सन्दर्भमा कार्यक्षेत्रमा आई पर्ने बिभिन्न खालका चुनौतीको सामाना गर्न प्रहरी सहायक निरीक्षक दर्जाका कर्मचारीले सम्पादन गर्नु पर्ने पेशागत जिम्मेवारी समेत मनन गरी उनीहरुलाई आवश्यक पर्ने ज्ञान, सीप र कौशलको बिकास गर्न प्रहरी सहायक निरीक्षक .आधारभूत (अल्पकालिन) तालीम पाठ्यकममा निम्न सैद्धान्तिक तथा प्रयोगात्मक एवं शारिरीक अभ्यासतर्फका बिषय बस्तुहरु समावेश गरी सम्पूर्ण कार्यक्रमलाई दुई भागमा बिभाजन गरिएको छ ।

**(क) सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यास तर्फ :**

प्रशिक्षार्थीहरुलाई पद अनुसारको दायित्व निर्वाह गर्न सक्षम तुल्याउन प्रहरी सेवामा आवश्यक पर्ने बिविध पक्षको सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिलाउने उद्धेश्यले सैद्धान्तिक प्रशिक्षण अन्तर्गत निम्न बिषयहरु समावेश गरिएका छन ।

(क) प्रहरी संगठन तथा कानून
(ख) शान्ति सुव्यवस्था र अपराध अनुसन्धान
(ग) प्रहरी व्यवस्थापन
(घ) प्रहरी कारवाही तथा युक्ती
(ङ) एस.एल.आर.

**(ख) शारिरीक अभ्यास तर्फ :**

प्रशिक्षार्थीहरुको अनुशासन पक्ष तथा शारीरिक रुपमा सवल, सक्षम एवं सहनशीलता जस्ता गुणहरुको अभिवृद्धि गर्ने उद्देश्यले प्रशिक्षण अवधीभर देहायका प्रशिक्षणहरु प्रदान गरिने छन ।

(क) कवाज
(ख) शारिरीक व्यायाम तथा आत्मवल अभिवृद्धि अभ्यास र खेलकुद
(ग) प्रहरी कारवाही तथा युक्ति
(घ) चांदमारी
(ङ) खालीहात लडाई
(च) एस.एल.आर.

## ४ प्रशिक्षण अवधि

यस तालीमको कूल प्रशिक्षण अवधी ८६ कार्य दिनको हुनेछ ।

## ५.प्रशिक्षार्थी

यस तालीममा प्रहरी हवल्दार पदबाट प्रहरी सहायक निरीक्षक पदमा बढुवा भएका अधिकृत स्तरका प्रशिक्षार्थीहरु समावेश हुनेछन ।

## ६ प्रशिक्षण बिधि

(क) सामुहिक छलफल (ख) प्रवचन
(ग) रोल प्ले (घ) श्रव्य दृश्य
(ङ) व्यबहारिक अध्ययन

## ७ कार्यको वांडफांड

सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासतर्फ २२० कक्षा, शारिरीक अभ्यास तर्फ ३५० कक्षा र प्रहरी कारबाही तथा युक्ती तर्फ १७१ कक्षा गरी जम्मा ७४१ कक्षामा प्रशिक्षण प्रदान गरिनेछ ।

## ८. मूल्याङ्कन

यो तालीमको अवधीमा मासिक चरणगत तथा अन्तिम परीक्षाद्धारा प्रशिक्षार्थीहरुको मूल्याङ्कन गरिनेछ । चरणगत परीक्षा वापत प्राप्त अंकको ३०% अंक अन्तिम मूल्याङ्कनमा गणना गरिनेछ । प्रत्येक बिषयमा बिषयगत उतिर्णाङ्क ४० % र कूल उतिर्णाङ्क ४५ % मानिनेछ । प्रशिक्षार्थीहरुको लगनसिलता, सहनसिलता, मिलनसारिता, सहयोगी भावना, बिवेकसिलता, साहस, व्यारेक, कक्षा तथा मेस अनुशासन, कर्तव्यनिष्ठता, अग्रसरता, नेतृत्व जस्ता गुणहरुको सुक्ष्म अवलोकन गरी समादेशक मूल्याङ्कन(५० अंक) समेतको आधारमा श्रेणी बिभाजन निम्नानुसार गरिनेछ ।

| **श्रेणी बिभाजन** | **प्राप्ताङ्क प्रतिशत** |
|---|---|
| “क”श्रेणी | ७० % र सो भन्दा माथी |
| “ख”श्रेणी | ५५ % देखि ६९.९ % सम्म |
| “ग”श्रेणी | ४५ % देखि ५४.९ % सम्म |

कुल प्राप्ताङ्कको ४५ % भन्दा कम अंक प्राप्त गर्ने प्रशिक्षार्थीहरुलाई अनुत्तिर्ण मानी पुनः अर्को एक पटक तालीममा समावेश गरिनेछ । तर यसरी मौका प्रदान गर्दा पनि अनुत्तिर्ण भएमा प्रहरी नियमावली २०४९ बमोजिम भई जानेछ ।

## ९. पोशाक

प्रशिक्षण अवधीमा प्रशिक्षार्थीहरुले बिभिन्न अवस्थामा निम्न पोशाक प्रयोग गर्नु पर्नेछ ।

(क) शारिरीक व्यायाम : चुस्ता, बुट , वेभ वेल्ट

(ख) कवाज : चुस्ता, वेभ वेल्ट, हरीयो मोजा, बुट र फटिक क्याप

(ग) खेलकुद : पि.टी. जुत्ता, निलोमोजा, सेतो टि सर्ट, सेतो कट्टु (महिलाको लागि सेतो पाइण्ट)

(घ) निरीक्षण कवाज : मौसम अनुसारको वर्किङ ड्रेस

(ङ) आन्तरिक कक्षा : मौसम अनुसारको वर्किङ ड्रेस

(च) रोलकल र आउट ड्रेस : सेतो सर्ट, खैरो पाइन्ट, कालो टोपी, सिभिल वेल्ट, टो सुज र प्रहरी टाई

(छ) मेस ड्रेस : बिहान : चुस्ता र पी.टी. जुत्ता
साँझ : रोलकल ड्रेस